# विभूषण नियमावली, २०६५

**नेपाल राजपत्रमा प्रकाशन मिति**

२०६५।११।१२

**संशोधन**

| | |
|---|---|
| १. विभूषण (पहिलो संशोधन) नियमावली, २०७७ | २०७७।०३।२२ |
| २. विभूषण (दोस्रो संशोधन) नियमावली, २०७७ | २०७७।०५।२९ |

विभूषण ऐन, २०६४ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "विभूषण नियमावली, २०६५" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा 'ऐन' भन्नाले विभूषण ऐन, २०६४ सम्झनु पर्छ ।

## परिच्छेद – २

## मानपदवी

३. **नेपाल रत्न मानपदवीः** (१) नेपालको प्रतिष्ठा अभिवृद्धि गर्ने गरी राष्ट्रिय जीवनको कुनै पनि क्षेत्रमा उदाहरणीय योगदान पुऱ्याउने नेपाली नागरिकलाई नेपाल रत्न मानपदवी प्रदान हुन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको मानपदवीको श्रेणी विभाजन हुने छैन र त्यस्तो मानपदवीको प्रतीक समूह र मालाको नाप परिशिष्ट एक अनुसूची–१ मा उल्लेख भए बमोजिम हुनेछ ।

४. **राष्ट्रगौरव मानपदवीः** (१) अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको प्रतिष्ठा बढाउन विशिष्ट योगदान पुऱ्याउने विदेशी मुलुकको राष्ट्राध्यक्ष वा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जीवनका कुनै पनि

नेपाल कानून आयोग

क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने नेपाली नागरिकलाई राष्ट्रगौरव मानपदवी प्रदान हुन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको मानपदवीको श्रेणी विभाजन हुने छैन र त्यस्तो मानपदवीको मण्डन, प्रालम्बिका र पट्टाको विवरण र नाप परिशिष्ट एक अनुसूची–२ मा उल्लेख भए बमोजिम हुनेछ ।

५. **<u>राष्ट्रदीप मानपदवीः</u>** (१) नेपालको यश, श्रीवृद्धि, हित तथा उत्थानका लागि आ–आफ्नो क्षेत्रबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा महत्वपूर्ण योगदान गर्ने नेपाली नागरिक वा विदेशी नागरिकलाई राष्ट्रदीप मानपदवी प्रदान हुन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको मानपदवीको श्रेणी विभाजन देहायबमोजिम हुनेछः–

(क) प्रथम श्रेणी – महाउज्ज्वल राष्ट्रदीप ।

(ख) द्वितीय श्रेणी – उज्ज्वल कीर्तिमय राष्ट्रदीप ।

(ग) तृतीय श्रेणी – सुकीर्तिमय राष्ट्रदीप ।

(घ) चतुर्थ श्रेणी – कीर्तिमय राष्ट्रदीप ।

(ङ) पञ्चम श्रेणी – राष्ट्रदीप ।

(३) उपनियम (१) बमोजिमको मानपदवीको मण्डन, प्रालम्बिका र पट्टिकाको विवरण र नाप परिशिष्ट एक अनुसूची–३ मा उल्लेख भए बमोजिम हुनेछ ।

६. **<u>जनसेवाश्री मानपदवीः</u>** (१) राष्ट्रिय जीवनका कुनैपनि क्षेत्रमा प्रशंसनीय काम गर्ने नेपाली नागरिक वा नेपालको हितमा विशेष योगदान पुऱ्याउने विदेशी नागरिकलाई जनसेवाश्री मानपदवी प्रदान हुन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको मानपदवीको श्रेणी विभाजन देहायबमोजिम हुनेछः–

(क) प्रथम श्रेणी – सुप्रसिद्ध प्रबल जनसेवा श्री ।

(ख) द्वितीय श्रेणी – प्रसिद्ध प्रबल जनसेवा श्री ।

(ग) तृतीय श्रेणी – सुप्रबल जनसेवा श्री ।

(घ) चतुर्थ श्रेणी – प्रबल जनसेवा श्री ।

(ङ) पञ्चम श्रेणी – जनसेवा श्री ।

नेपाल कानून आयोग

(३) उपनियम (१) बमोजिमको मानपदवीको मण्डन, प्रालम्बिका एवं पट्टिकाको विवरण र नाप परिशिष्ट एक अनुसूची–४ मा उल्लेख भए बमोजिम हुनेछ ।

७. **मानपदवीको मण्डन लगाउने तरिका:** (१) मानपदवीका प्रतीक समूहमध्ये मण्डन प्रमुख प्रतीक मानिनेछ र सो प्रतीक नलगाई अरू प्रतीक लगाउन सकिने छैन ।

(२) एकभन्दा बढी मानपदवीहरू पाउने व्यक्तिले त्यस्ता मानपदवीहरूका मण्डनहरु एकसाथ लगाउन सक्नेछ । यसरी एकभन्दा बढी मानपदवीहरुका मण्डनहरु लगाउँदा मर्यादाक्रम अनुसार लगाउनु पर्नेछ ।

(३) एकभन्दा बढी मानपदवीहरूका मण्डनहरू एकसाथ लगाउँदा मानपदवीको मर्यादाक्रम अनुसार माथिल्लो मानपदवीको मण्डन अरू मण्डनभन्दा माथि वा दाहिनेतर्फ लगाउनु पर्नेछ ।

(४) नेपाल र विदेशी मुलुकको मानपदवीहरूका मण्डनहरू एकसाथ लगाउँदा नेपालको मानपदवीको मण्डन विदेशी मुलुकको मानपदवीको मण्डनभन्दा माथि वा दाहिनेतर्फ लगाउनु पर्नेछ ।

तर विदेशी मुलुकका राष्ट्राध्यक्ष नेपालको राजकीय वा औपचारिक भ्रमणमा रहेको अवस्थामा आयोजित औपचारिक समारोहमा उपस्थित हुँदा वा कुनै विदेशी मुलुकको औपचारिक भ्रमणमा गएको वा कुनै विदेशी मुलुकको औपचारिक समारोहमा सरिक हुनुपरेको अवस्थामा नेपालको र सो विदेशी मुलुकका मानपदवीका मण्डनहरू एकसाथ लगाउँदा नेपाल सरकारले तोकेबमोजिम हुनेछ ।

(५) विदेशी मुलुकबाट पाएका मानपदवीहरूका मण्डनहरू एकसाथ लगाउँदा श्रेणी र पाएको मितिको क्रम अनुसार लगाउनु पर्नेछ । कुनै एउटा विदेशी मुलुकबाट एउटै श्रेणीको दुई वा दुईभन्दा बढी किसिमको मानपदवी पाएको भए मानपदवी लगाउँदा सो मुलुकद्वारा निर्धारित मर्यादाक्रम अनुसार लगाउनु पर्नेछ ।

तर कुनै एउटा विदेशी मुलुकबाट कुनै मानपदवी प्राप्त भएपछि अर्को विदेशी मुलुकबाट सोही श्रेणीको मानपदवी प्राप्त भएपछि पहिले मानपदवी दिने मुलुकले सोही श्रेणीको कुनै अर्को मानपदवी प्रदान गरेमा मर्यादाक्रमका सम्बन्धमा त्यस्ता मुलुकहरूमा जस्तोसुकै व्यवस्था भए पनि त्यस्ता मानपदवीहरू पाएको मितिको क्रम अनुसार लगाउनु पर्नेछ ।

८. **मानपदवीको पट्टा वा पट्टिका र प्रालम्बिका लगाउने तरिका:** मानपदवीको मण्डन लगाउँदा सो मानपदवीको पट्टा वा पट्टिका र प्रालम्बिका भएकोमा प्रालम्बिकासमेत लगाउनु पर्नेछ।

तर, –

(१) प्रथम श्रेणीको एउटाभन्दा बढी मानपदवीको मण्डन लगाउँदा सोमध्ये एउटा मानपदवीको मात्र पट्टा र प्रालम्बिका लगाउनुपर्नेछ ।

(२) नेपाली सेना र प्रहरीका हकमा अवस्था अनुसार मण्डनमात्र पनि लगाउन सकिनेछ ।

९. **मानपदवीको प्रतिक समूह फिर्ता गर्ने:** तल्लो श्रेणीको मानपदवी पाउने व्यक्तिले माथिल्लो श्रेणीको मानपदवी पाएमा तल्लो श्रेणीको मानपदवी फिर्ता गर्नु पर्नेछ ।

१०. [×]............................

## परिच्छेद – ३

## अलङ्कार

११. **राष्ट्र यशोवद्र्धक:** (१) राष्ट्रिय वा अन्तर्राष्ट्रिय जीवनका कुनै पनि क्षेत्रमा उदाहरणीय काम गरी राष्ट्रको मान, प्रतिष्ठा, यश, गौरव वृद्धि गर्ने काममा योगदान दिने नेपाली नागरिकलाई राष्ट्र यशोवर्द्धकको अलङ्कार प्रदान हुन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको अलङ्कारको बनौट तथा आकारप्रकार परिशिष्ट दुई अनुसूची–१ बमोजिमको हुनेछ ।

१२. **परम पौरख भास्कर:** (१) नेपालको रक्षाको निमित्त वा कर्तव्य पालनको सिलसिलामा ज्यानको परवाह नराखी अति साहसपूर्ण काम गर्ने वा राम्रो योजना बनाई सफल परिणाम हासिल गराउने नेपाली सेनालाई मात्र परम पौरख भास्करको अलङ्कार प्रदान हुन सक्नेछ।

(२) उपनियम (१) बमोजिमको अलङ्कारको बनौट तथा आकारप्रकार परिशिष्ट दुई अनुसूची–२ मा उल्लेख भए बमोजिम हुनेछ ।

१३. **नेपाल प्रताप सुभूषण:** (१) आतङ्ककारी गतिविधि वा दङ्गा नियन्त्रण गर्ने कार्यमा उल्लेख्य कार्य गर्ने, गम्भीर प्रकृतिको अपराध नियन्त्रण एवं अनुसन्धानमा उल्लेख्य भूमिका निर्वाह

× पहिलो संशोधनद्वारा खारेज ।

गर्ने, आफ्नो सेवाप्रति अत्यन्त निष्ठावान् भई आफू कार्यरत सङ्गठनको नाम उच्च राख्न उल्लेख्य योगदान दिने प्राकृतिक प्रकोप वा महामारीमा पीडितहरूको उद्धार, राहत एवं व्यवस्थापन वा जोखिम न्यूनीकरण गर्ने कार्यमा उल्लेख्य योगदान पुऱ्याउने प्रहरीलाई नेपाल प्रताप सुभूषणको अलङ्कार प्रदान हुन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको अलङ्कारको बनौट तथा आकारप्रकार परिशिष्ट दुई अनुसूची–३ मा उल्लेख भए बमोजिम हुनेछ ।

१४. **नेपाल सेवा प्रवीणः** (१) शिक्षा, साहित्य, कला, विज्ञान, संस्कृति, सार्वजनिक प्रशासन लगायत सार्वजनिक जीवनका विभिन्न क्षेत्रमा उत्कृष्ट कार्य गरी मुलुकको सम्मान अभिवृद्धि गर्नमा योगदान पुऱ्याउने नेपाली नागरिकलाई नेपाल सेवा प्रवीणको अलङ्कार प्रदान हुन सक्नेछ।

(२) उपनियम (१) बमोजिमको अलङ्कारको बनौट तथा आकारप्रकार परिशिष्ट दुई अनुसूची–४ मा उल्लेख भए बमोजिम हुनेछ ।

१५. **अतिपौरख भास्करः** (१) नेपालको रक्षाको निमित्त कर्तव्य पालनको सिलसिलामा ज्यान जोखिममा राखी साहसपूर्ण काम गर्ने वा राम्रो समूह बनाई सफल परिणाम हासिल गराउने नेपाली सेनाका जवान वा अधिकृतलाई अति पौरख भास्करको अलङ्कार प्रदान हुन सक्नेछ।

(२) उपनियम (१) बमोजिमको अलङ्कारको बनौट तथा आकारप्रकार परिशिष्ट दुई अनुसूची–५ मा उल्लेख भए बमोजिम हुनेछ ।

१६. **नेपाल प्रताप आभूषणः** (१) आतङ्ककारी गतिविधि, दङ्गा नियन्त्रण, गम्भीर प्रकृतिको अपराध नियन्त्रण र अनुसन्धान गर्ने कार्य, प्राकृतिक प्रकोप वा महामारीमा पीडितहरूको उद्धार, राहत एवं प्रकोप व्यवस्थापन वा जोखिम न्यूनीकरण गर्ने कार्यमा महत्वपूर्ण योगदान दिने वा अपहरित व्यक्तिको उद्धार गर्ने वा सीमा सुरक्षामा विशिष्ट र उल्लेख्य कार्य गर्ने प्रहरीका जवान वा अधिकृतलाई नेपाल प्रताप आभूषणको अलङ्कार प्रदान हुन सक्नेछ ।

(२) उपनियम (१) वमोजिमको अलङ्कारको बनौट तथा आकारप्रकार परिशिष्ट दुई अनुसूची–६ मा उल्लेख भए बमोजिम हुनेछ ।

१७. **समाज सेवा रत्नः** (१) सामाजिक सेवाको कुनै पनि क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउने वा वृद्ध, बालबालिका, अशक्त, असहाय, अपाङ्ग लगायत शारीरिक वा मानसिकरूपबाट पीडित व्यक्तिको उद्धार हुने किसिमका कार्य गर्ने व्यक्तिलाई समाज सेवा रत्नको अलङ्कार प्रदान हुन सक्नेछ ।

नेपाल कानून आयोग

(२) उपनियम (१) बमोजिमको अलङ्कारको बनौट तथा आकारप्रकार परिशिष्ट दुई अनुसूची–७ मा उल्लेख भए बमोजिम हुनेछ ।

१८. **महापौरख भास्करः** (१) नेपालको रक्षाको निमित्त कर्तव्य पालनाको सिलसिलामा ज्यान जोखिममा राखी असाधारण बहादुरीका साथ साहसपूर्ण काम गर्ने नेपाली सेनाका जवान वा अधिकृतलाई महापौरख भास्करको अलङ्कार प्रदान हुन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको अलङ्कारको बनौट तथा आकारप्रकार परिशिष्ट दुई अनुसूची–८ मा उल्लेख भए बमोजिम हुनेछ ।

१९. **नेपाल प्रताप भूषणः** (१) आफ्नो कार्य क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने वा प्राकृतिक प्रकोपका समयमा पीडितहरूलाई तत्परतासाथ सेवा पुऱ्याउने प्रहरीका जवान वा अधिकृतलाई नेपाल प्रताप भूषणको अलङ्कार प्रदान हुन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको अलङ्कारको बनौट तथा आकारप्रकार परिशिष्ट दुई अनुसूची–९ मा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद –४

## पदक

२०. **लोकश्री पदकः** (१) लोककल्याण तथा सार्वजनिक हितको लागि प्रशंसनीय काम गर्ने नेपाली नागरिकलाई लोकश्री पदक प्रदान हुन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको पदकको बनौट, आकारप्रकार तथा पट्टिका परिशिष्ट तीन अनुसूची–१ मा उल्लेख भए बमोजिम हुनेछ ।

२१. **राष्ट्रसेवा पदकः** (१) राष्ट्रहितको लागि राष्ट्रसेवाको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने निजामती कर्मचारी, नेपाली सेना वा प्रहरीका जवान वा अधिकृतलाई राष्ट्रसेवा पदक प्रदान हुन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको पदक प्रथम श्रेणी र द्वितीय श्रेणीको हुनेछ ।

(३) देहाय बमोजिमको सेवा अवधि पूरा गरेका निजामती कर्मचारी, नेपाली सेना वा प्रहरीका जवान वा अधिकृतलाई देहाय बमोजिमको राष्ट्रसेवा पदक प्रदान गरिनेछः–

(क) अविच्छिन्न २५ वर्ष सेवा गरेकोलाई प्रथम श्रेणीको राष्ट्रसेवा पदक,

(ख) अविच्छिन्न १२ वर्ष सेवा गरेकोलाई द्वितीय श्रेणीको राष्ट्रसेवा पदक,

(४) उपनियम (१) बमोजिमको पदकको बनौट, आकारप्रकार तथा पट्टिका परिशिष्ट तीन अनुसूची–२ मा उल्लेख भए बमोजिम हुनेछ ।

२२. **सत्कार्य पदकः** (१) मानव जीवनका विभिन्न क्षेत्रमा निस्वार्थ भावले संलग्न रही मुलुक तथा मानव जातिको उत्थान र कल्याणमा सह्राहनीय योगदान पुऱ्याउने जुनसुकै व्यक्तिलाई सत्कार्य पदक प्रदान हुन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको पदकको बनौट, आकारप्रकार तथा पट्टिका परिशिष्ट तीन अनुसूची–३ मा उल्लेख भए वमोजिम हुनेछ ।

२३. **समाजसेवा पदकः** (१) सामाजिक क्षेत्रमा उल्लेखनीय सेवा गर्ने लब्ध प्रतिष्ठित समाजसेवीलाई समाज सेवा पदक प्रदान हुन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको पदकको बनौट, आकारप्रकार तथा पट्टिका परिशिष्ट तीन अनुसूची–४ मा उल्लेख भए बमोजिम हुनेछ ।

२४. **शिक्षाज्योति पदकः** (१) नेपालभित्र वा अन्तर्राष्ट्रिय क्षेत्रमा शिक्षा, वातावरण संरक्षण वा सूचना प्रविधिको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने जुनसुकै नेपाली तथा विदेशी नागरिकलाई शिक्षा ज्योति पदक प्रदान हुन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको पदकको बनौट, आकारप्रकार तथा पट्टिका परिशिष्ट तीन अनुसूची–५ मा उल्लेख भए बमोजिम हुनेछ ।

२५. **सगरमाथा पदकः** (१) पर्वतारोहण लगायत सार्वजनिक जीवनका अन्य क्षेत्रमा साहसिक कार्य गरी मुलुकको प्रतिष्ठा तथा गौरव बढाउन योगदान पुऱ्याउने व्यक्तिलाई सगरमाथा पदक प्रदान हुन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको पदकको बनौट, आकारप्रकार तथा पट्टिका परिशिष्ट तीन अनुसूची–६ मा उल्लेख भए बमोजिम हुनेछ ।

२६. **सुकीर्ति पदकः** (१) राष्ट्रिय जीवनका कुनै पनि क्षेत्रमा कीर्तिमान कायम गरी मुलुकको गौरव तथा प्रतिष्ठा बढाउन योगदान पुऱ्याउने नेपाली नागरिकलाई सुकीर्ति पदक प्रदान हुन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको पदकको बनौट, आकारप्रकार तथा पट्टिका परिशिष्ट तीन अनुसूची–७ मा उल्लेख भए बमोजिम हुनेछ ।

२७. **वीरता पदकः** (१) नेपालभित्र आन्तरिक उपद्रव वा अशान्ति भएको बखत वा कुनै दुर्घटना वा विपत्तिमा परेको व्यक्तिलाई ज्यान जोखिममा राखी बचाउने वा बचाउने प्रयत्न

गर्दा आफ्नो ज्यान गुमाउने व्यक्ति वा आफ्नो ज्यानसमेत खतरामा पारी शान्ति कायम गर्न असाधारण बहादुरी देखाउने नेपाली सेना एवं प्रहरीमा कार्यरत जवान वा अधिकृत वा अन्य जुनसुकै व्यक्तिलाई वीरता पदक प्रदान हुन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको पदकको बनौट, आकारप्रकार तथा पट्टिका परिशिष्ट तीन अनुसूची–८ मा उल्लेख भए बमोजिम हुनेछ ।

२८. **शौर्य पदकः** (१) नेपालको रक्षाका लागि वा नेपालमा अमन चयन कायम राख्न ज्यान जोखिममा राखी अदम्य साहसका साथ कर्तव्य पालन गर्ने नेपाली सेनाका जवान वा अधिकृत र नेपालमा अमन चयन कायम गर्ने र अपराध नियन्त्रण गर्ने सिलसिलामा विशेष बहादुरीका साथ साहसपूर्ण काम गर्ने प्रहरी जवान वा अधिकृतलाई शौर्य पदक प्रदान हुन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको पदकको बनौट, आकारप्रकार तथा पट्टिका परिशिष्ट तीन अनुसूची–९ मा उल्लेख भए बमोजिम हुनेछ ।

२९. **प्राकृतिक प्रकोप पीडितोद्धार पदकः** (१) प्राकृतिक प्रकोपबाट पीडित व्यक्तिहरुको उद्धार एवं व्यवस्थापन वा प्रकोपको जोखिम न्यूनीकरण गर्ने कार्यमा प्रशंसनीय रूपमा योगदान गर्ने वा सहयोग पुऱ्याउने व्यक्तिलाई प्राकृतिक प्रकोप पीडितोद्धार पदक प्रदान हुन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको पदकको बनौट, आकारप्रकार तथा पट्टिका परिशिष्ट तीन अनुसूची–१० मा उल्लेख भए बमोजिम हुनेछ ।

३०. **विकास रत्न पदकः** (१) मुलुकको सामाजिक, आर्थिक वा विकास निर्माण कार्यमा संलग्न रही सार्वजनिक कल्याण तथा जनहितको प्रवर्धन तथा जनजीवनको स्तरमा सुधारका लागि उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिलाई विकास रत्न पदक प्रदान हुन सक्नेछ ।

(२) उपनियम (१) वमोजिमको पदकको बनौट, आकारप्रकार तथा पट्टिका परिशिष्ट तीन अनुसूची–११ मा उल्लेख भए वमोजिम हुनेछ ।

३१. **शान्ति पदकः** (१) संयुक्त राष्ट्र सङ्घको आह्वानमा विदेशमा गई शान्ति कायम गर्ने कार्यमा योगदान पुऱ्याउने वा मुलुकभित्र नै शान्ति कायम गर्न उदाहरणीय कार्य गर्ने निजामती कर्मचारी, नेपाली सेना तथा प्रहरीका जवान वा अधिकृतलाई शान्ति पदक प्रदान हुन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको पदकको बनौट, आकारप्रकार तथा पट्टिका परिशिष्ट तीन अनुसूची–१२ मा उल्लेख भए बमोजिम हुनेछ ।

३२. **विज्ञान प्रवीण पदकः** (१) विज्ञान तथा प्रविधिको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने नेपाली वैज्ञानिकलाई विज्ञान प्रवीण पदक प्रदान हुन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको पदकको बनौट, आकारप्रकार तथा पट्टिका परिशिष्ट तीन अनुसूची–१३ मा उल्लेख भए बमोजिम हुनेछ ।

३३. **संविधानसभा निर्वाचन पदकः** (१) सम्वत् २०६४ साल चैत्र २८ गते सम्पन्न भएको संविधानसभा सदस्य निर्वाचन सफलतापूर्वक सम्पन्न गर्ने गराउने कार्यमा महत्वपूर्ण योगदान दिने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था तथा व्यक्तिहरू र राष्ट्रसेवकहरूलाई संविधानसभा निर्वाचन पदक प्रदान हुन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको पदकको बनौट, आकारप्रकार तथा पट्टिका परिशिष्ट तीन अनुसूची–१४ मा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद –५

## विविध

३४. **कार्यविधि बनाउन सक्नेः**– ऐनको दफा ४ बमोजिम गठन भएको विभूषण समितिले मानपदवी, अलङ्कार र पदक सिफारिस तथा प्रदान गर्ने प्रयोजनका लागि प्रक्रिया निर्धारण गर्न आवश्यकता अनुसार कार्यविधि बनाउन सक्नेछ ।

*३४क. **विभूषण प्रदान गरिने सङ्ख्याः** (१) ऐन तथा यस नियमावली बमोजिमको विभूषण प्रत्येक वर्ष नेपाल सरकारले तोकेको संख्यामा प्रदान गर्न सकिनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको मानपदवी प्रत्येक वर्ष बढीमा देहायको संख्यामा प्रदान गर्न सकिनेछः-

(क) नेपाल रत्न एक,

(ख) राष्ट्र गौरव दुई ।

---

* दोस्रो संशोधनद्वारा संशोधित ।

३५. **स्वल्पाकार वा स्वल्पाकार पट्टिकाः** (१) विभूषणहरूको स्वल्पाकार र स्वल्पाकार पट्टिका हुनेछ र स्वल्पाकार र स्वल्पाकार पट्टिका यस नियमावलीको अधीनमा रही विभूषण पाउने व्यक्तिले लगाउन सक्नेछ ।

(२) स्वल्पाकार र स्वल्पाकार पट्टिकाको बनौट तथा आकारप्रकार परिशिष्ट चार अनुसूची–१ मा उल्लेख भए बमोजिम हुनेछ ।

३६. **तारिकाः** (१) प्रथम श्रेणीका मानपदवीहरूको तारिका हुनेछ। आफूले पाएको मानपदवीको तारिका सो मानपदवी पाउने व्यक्तिले कोटको देब्रेपट्टि लगाउनु पर्नेछ ।

तर महिलाले कोट लगाए वा नलगाए पनि दाहिनेतर्फ तारिका लगाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको तारिकाको बनौट तथा आकारप्रकार परिशिष्ट चार अनुसूची–२ मा उल्लेख भए बमोजिम हुनेछ ।

३७. **पट्टिकाः** (१) विभूषणको आफ्नो सेवाको निर्धारित पोशाकमा लगाइने पट्टिका हुनेछ ।

(२) उपनियम (१) बमोजिमको पट्टिकाको नापको विवरण परिशिष्ट चार अनुसूची–३ बमोजिम हुनेछ।

३८. **विभूषण र पोशाकः** विभिन्न राष्ट्रिय पर्व वा उत्सवहरूमा उपस्थित हुँदा विभूषण पाएका निजामती, प्रहरी, नेपाली सेना र अन्य पदाधिकारीहरू तथा व्यक्तिले लगाउनु पर्ने विभूषण र पोशाक नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

३९. **विभूषणको प्रतीक समूहको जिम्माः** ऐन बमोजिम प्रदान गरिने सबै विभूषणहरूको प्रतीक समूह गृह मन्त्रालयको जिम्मामा रहनेछ ।

४०. **विभूषणको प्रतीक, स्वल्पाकार, तारिका इत्यादि किन्न सकिनेः** (१) कुनै व्यक्तिले पाएको विभूषणको कुनै प्रतीक हराएमा, चोरिएमा वा नासिएमा सो प्रतीक निजले गृह मन्त्रालयले तोकेको ठाउँबाट खरीद गर्न सक्नेछ ।

(२) विभूषणको स्वल्पाकार र तारिका गृह मन्त्रालयले तोकेको ठाउँबाट खरीद गर्न सकिनेछ ।

४१. **पट्टिका लगाउन सकिनेः** आफ्नो सेवाको निर्धारित पोशाकमा पट्टिका लगाउन सकिनेछ ।

४२. **प्रमाणपत्र प्रदान गर्नेः** अलङ्कार र पदकहरू प्राप्त गर्ने व्यक्तिहरूलाई प्रमाणपत्र तथां प्रशंसापत्र दिइनेछ । त्यस्तो प्रमाणपत्र तथा प्रशंसापत्रको ढाँचा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

४३. **विभूषण धारण गर्न सक्ने:** (१) ऐन प्रारम्भ हुनुअघि देहायका मानपदवी, अलङ्कार र पदक प्राप्त व्यक्तिहरुले त्यस्ता मानपदवी अलङ्कार र पदक धारण गर्न सक्नेछन्ः–

(क) मानपदवीः नेपाल प्रतापभास्कर, ओजस्वीराजन्य, नेपालतारा, ॐरामपट्ट, त्रिशक्तिपट्ट, गोरखादक्षिणबाहु ।

(ख) अलङ्कारहरूः सेना सौभाग्यभास्कर, नेपाल महाप्रतापवर्द्धक, नेपाल प्रतापवर्द्धक, सुवीर पट्ट, नेपाल यशोवर्द्धक, वीर पट्ट ।

(ग) पदकहरूः सुप्रशंसनीय पट्ट, प्रशंसनीय पट्ट, प्रहरी रत्न, गजेन्द्रमोक्ष, राष्ट्र सेवा पदक, दुर्गम सेवा पदक, परदेश सेवा पदक, आकाश सेवा पट्ट, वारुण पदक, समाज सेवा पदक, सैनिक सेवा पट्ट, प्रहरी पराक्रम पदक, नेपाल भूषण, सैनिक दीर्घ सेवा पट्ट, जानपद दीर्घ सेवा पट्ट, प्रहरी दीर्घ सेवा पट्ट, प्रसिद्ध सेवा पदक, सैनिक सेवा पदक, जानपद सेवा पदक, प्रहरी सेवा पदक, सेवा पदक, लक्ष्यभेदक पदक, दैवी प्रकोप पीडितोद्धार पदक, तेस्रो सार्क शिखर सम्मेलन पदक ।

२) उपनियम (१) मा उल्लेख भएका मानपदवी, अलङ्कार र पदकबाहेक ऐन प्रारम्भ हुनुअघि पाएका त्यस्ता मानपदवी, अलङ्कार र पदक धारण गर्न पाइने छैन ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरीका जवान तथा अधिकृतले ऐन प्रारम्भ हुनुअघि प्राप्त गरेको अन्य कुनै मान पदवी, अलङ्कार र पदकको रिबन आफ्नो पोशाकमा लगाउन वा विदेशी मुलुकका पदाधिकारी वा नागरिकले त्यस्ता मानपदवी, अलङ्कार वा पदवी धारण गर्न यस नियममा लेखिएको कुनै कुराले बाधा पुयाएको मानिने छैन।

४४. **विभूषण फिर्ता गर्नु पर्ने:** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायका व्यक्तिहरुले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अवधिभित्र ऐन प्रारम्भ हुनुअघि विभूषण सम्बन्धी तत्काल प्रचलित कानून बमोजिम प्राप्त गरेका देहायका विभूषणहरु गृह मन्त्रालयमा फिर्ता गर्नुपर्ने छः–

(क) तत्काल कायम रहेको राजपरिवारका सदस्य वा शाही नातेदारले सो हैसियतमा प्राप्त गरेको पदक,

(ख) राजनीतिमा प्रत्यक्ष रुपमा संलग्न रहेका व्यक्तिहरुले राजनैतिक हैसियतमा प्राप्त गरेको पदक,

(ग) कुनै पनि नेपाली नागरिकले प्राप्त गरेको तत्काल कायम रहेको राजतन्त्र वा सोसँग सम्बन्धित व्यक्तिहरुको नाममा राखिएको वा सोसँग सम्बन्धित कुनै पनि पदक ।

(२) उपनियम (१) बमोजिमको सूचना प्रकाशन भएमा त्यस्तो पदक प्राप्त गरेको व्यक्तिले सोही सूचनामा तोकिएको अवधिभित्र फिर्ता गर्नु निजको कर्तव्य हुनेछ ।

[σ]४५. **विभूषण ग्रहण गर्नु पर्ने:** (१) विभुषण पाउने व्यक्ति वा ऐनको दफा ७ को उपदफा (४) बमोजिमको व्यक्तिले विभुषण सुशोभन समारोहमा विभुषण ग्रहण गर्नु पर्नेछ।

(२)उपनियम (१) बमोजिम सुशोभन समारोहमा विभुषण ग्रहण नगर्ने व्यक्तिले सुशोभन समारोह भएको मितिले एक वर्ष भित्र गृह मन्त्रालयबाट सो विभूषण ग्रहण गरी सक्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको अवधि भित्र पनि विभुषण ग्रहण गर्न नआएमा त्यस्तो व्यक्तिलाई सो विभूषण प्रदान गरिने छैन ।

[σ]४६. **विभूषण ग्रहण गर्न नपाउने:** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विभूषण पाउने व्यक्ति भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदातलबाट सजाय पाएको भएमा त्यस्तो व्यक्तिले सुशोभन समारोहमा भाग लिन वा विभूषण ग्रहण गर्न पाउने छैन।

(२) उपनियम (१) बमोजिमको व्यक्तिले विभुषण ग्रहण गरिसकेको भएमा त्यस्तो विभुषण गृह मन्त्रालयले फिर्ता गर्न लगाउनेछ ।

(३) उपनियम (१)र (२) बमोजिमको अभिलेख गृह मन्त्रालयले अद्यावधिक गरी राख्नु पर्नेछ ।

---

[σ] पहिलो संशोधनद्वारा थप ।

## परिशिष्ट एक

## मानपदवी

## अनुसूची–१

**नेपालरत्न मानपदवी**

नेपालरत्न मानपदवीको प्रतीक मध्यमणी माला हुनेछ । यो माला घाँटीमा लगाइनेछ ।

(क) **मध्यमणी:** नेपालरत्न मानपदवीको मध्यमणी ८ कोणहरूयुक्त हुनेछ । यसको व्यास ८.५ सेन्टिमिटर हुनेछ । यसको अग्रभागमा प्रत्येक कोणहरुमा पाँच–पाँचवटा हीराहरु रहनेछन् । कोणहरुको बीचमा दुई पातसहितको आठवटा लालीगुराँसहरू हुनेछन् । आठवटा कोणहरुको बीचमा सुनको रश्मी आकारका आठवटा कोणहरु हुनेछन् । सुनको रश्मी आकारभित्र कमलको पात आकारको आठवटा रातो मिना हुनेछन् । मध्यभागमा दुईवटा वृत्तहरु हुनेछन् । यी वृत्तहरुको बीचको भागको पृष्ठभूमिमा निलो मिना हुनेछ । बाहिरी वृत्तको व्यास ४ सेन्टिमिटर हुनेछ । मिनाको पृष्ठभूमिमा माथिल्लो भागमा यस मानपदवीको नाम "नेपालरत्न" र तल्लो भागमा यस मानपदवीको आदर्श वाक्य "राष्ट्रोत्थानको बिन्दु राष्ट्रप्रेम" लेखिएको हुनेछ । यसको मध्यभाग सुनबाट बनेको नेपालको नक्सा र त्यसमाथि सरमाथाको चित्रको प्रतीक हुनेछ ।

(ख) **माला:** यो माला चाँदीबाट बनेको हुनेछ । यो माला ७५ सेन्टिमिटर लामो हुनेछ । मध्यमणीको दायाँबायाँ चाँदीबाट बनेको दोहोरो सिक्रीहरु हुनेछन् । मालाको बीचबीचमा २.५ सेन्टिमिटर व्यास भएको चारवटा वृत्तहरुभित्र एक–एकवटा नेपालको राष्ट्रिय झण्डा हुनेछन् । मालामा दुईदुईवटा नेपालको नक्सा, लालीगुराँस र सगरमाथाको डिजाइन हुनेछ । २.५ सेन्टिमिटर व्यास भएको कमल फूल आकारको दोहोरो सिक्री जोड्ने हुक रहनेछ ।

## अनुसूची–२

**राष्ट्रगौरव मानपदवी**

राष्ट्रगौरव मानपदवीको प्रतीक समूहमा (क) मण्डन (ख) प्रालम्बिका (ग) पट्टा हुनेछन् ।

(क) **मण्डन:** राष्ट्रगौरव मानपदवीको मण्डनको व्यास ८.५ सेन्टिमिटर हुनेछ। यसको अग्रभागमा चारवटा खड्गको आकार र चारवटा गोलाकारको बीचमा दुईवटा सुनको

वृत्तहरु हुनेछन् । प्रत्येक खड्कको आकारको बीचमा सानो खड्कको आकारको रातो मिना र रातो मिनाको बाहिर सातवटा हीराहरु हुनेछन् । गोलाकार भित्र सुनबाट बनेको पाँच पत्रयुक्त फूलको आकार हुनेछ। फूलको बीच भागमा हरियो मिना हुनेछ। फूलको बाहिर सातवटा हीराहरु हुनेछन् । दुईवटा सुनका वृत्तको बीचमा निलो मिना हुनेछ । बाहिरी वृत्तको भित्र माथिल्लो भागमा यस मानपदवीको नाम "राष्ट्रगौरव" र तल्लो भागमा यस मानपदवीको आदर्श वाक्य "मातासमान मातृभूमि" लेखिएको हुनेछ। मानपदवीको नाम र आदर्श वाक्य लेखिएको बीचमा दायाँबायाँ दुईवटा सुनका बिन्दुहरू हुनेछन् । मध्यभागको २ सेन्टिमिटर व्यास भएको सुनबाट बनेको वृत्ताकारमा पूर्णकलशको आकृति हुनेछ।

**(ख)** **<u>प्रालम्बिका:</u>** प्रालम्बिकाको व्यास ७.५ सेन्टिमिटर हुनेछ । यसको बाहिरी भागमा चारवटा खड्को आकार र चारवटा गोलाकारको बीचमा एउटा वृत्त हुनेछ । प्रत्येक खड्गको आकारको बीचमा सानो खड्गको आकारको रातो मिना हुनेछ । गोलाकारभित्र सुनबाट बनेको पाँच पत्रयुक्त फूलको आकार हुनेछ । मध्यभागको २ सेन्टिमिटर व्यास भएको सुनबाट बनेको वृत्ताकारमा पूर्णकलशको आकृति हुनेछ।

**(ग)** **<u>पट्टा:</u>** रेशमले बनेको यो पट्टा १० सेन्टिमिटर चौडाई र १.६ मिटर लामो हुनेछ । दुवै किनारामा आकाशे रङ्गको निलो डोरा, निलो डोराभित्र रातो डोरा र बीचमा दायाँबायाँ घुमेका उर्ध्व सेतो डोरा हुनेछन् ।

## अनुसूची–३

**<u>राष्ट्रदीप मानपदवी</u>**

**<u>प्रथम श्रेणी</u>**

राष्ट्रदीप मानपदवीको प्रतीक समूहमा (क) मण्डन, (ख) प्रालम्बिका र (ग) पट्टा हुनेछन् ।

**(क)** **<u>मण्डन:</u>** यो मण्डनको अग्रभाग ८.४ सेन्टिमिटर व्यास भएको सुवर्णको चतुरकोणयुक्त तारा हुनेछ । यसको कर्णरेखा ८.४ सेन्टिमिटर हुनेछ । यी कोणहरुमा सातसातवटा किरणहरु हुनेछन् । बीचको किरण लामो भई दायाँबायाँ किरण क्रमश साना हुनेछन् । यी कोणहरुको बीच भागमा कमलको चारवटा पत्रहरू रहनेछन् । कमलपत्रभित्र हरियो मिना र हरियो मिनाको बीचमा तीन पातयुक्त सुनबाट बनेको लालीगुराँस रहनेछ ।

यस मानपदवीको मध्यभागमा दुई गोलाकार ६ सेन्टिमिटरका वृत्ताकारहरू हुनेछन् । वृत्तभित्र रातो मिनाको पृष्ठभूमि रहनेछ । यस वृत्तको माथिल्लो भागमा ≠"महाउज्ज्वल राष्ट्रदीप प्रथम श्रेणी" र तल्लो भागमा यस मानपदवीको आदर्शवाक्य "राष्ट्रभक्ति अमूल्यशक्ति" लेखिएको हुनेछ । गोलाकार वृत्तभित्र निलो मिनाको पृष्ठभूमिमा ५ कुने सुनबाट बनेको तारा रहनेछ । ताराको बीचमा नेपालको नक्सा र प्रज्वलन भइरहेको दियो रहनेछ ।

**(ख)** **प्रालम्बिकाः** यो प्रालम्बिका ६.३ सेन्टिमिटर व्यास भएको सुनबाट बनेको आठ पत्रयुक्त घेरा हुनेछ । यस घेराभित्र प्रत्येक घेरामा एकएक वटा हरियो मिनाले भरिएको हुनेछ । यसको मध्यभागमा एउटा गोलाकार वृत्त हुनेछ । वृत्ताकारभित्र निलो मिनाको पृष्ठभूमिमा पाँचवटा कोणयुक्त तारा र ताराभित्र नेपालको नक्सा र प्रज्वलित दीप रहनेछ । यो प्रालम्बिका पट्टाको साथमा लगाइनेछ ।

• **(ग)** **पट्टाः** यो पट्टा सिम्रीक रङ्गको रेशमको हुनेछ । यसको चौडाई १० सेन्टिमिटर र लम्बाई १.६ मिटर हुनेछ । पट्टाको दुवै किनारामा ६ सेन्टिमिटर चौडा गाढा निलो उध्व उर्ध्व डोराहरु हुनेछन् । प्रालम्बिका झुण्डिने ठाउँमा सुनको हुक रहनेछ ।

**राष्ट्रदीप मानपदवी**

**द्वितीय श्रेणी**

राष्ट्रदीप मानपदवीको प्रतीक समूहमा (क) मण्डन, (ख) प्रालम्बिका र (ग) पट्टा हुनेछन् ।

**(क)** **मण्डनः** यो मण्डनको अग्रभाग ८.४ सेन्टिमिटर व्यास भएको सुवर्णको चतुरकोणयुक्त तारा हुनेछ । यसको कर्णरेखा ८.४ सेन्टिमिटर हुनेछ । यी कोणहरुमा चाँदीका सातसातवटा किरणहरु हुनेछन् । बीचको किरण लामो भई दायाँबायाँ किरण क्रमशः साना हुनेछन् । यी कोणहरुको बीच भागमा कमलको ४ वटा पत्रहरू रहनेछन् । कमलपत्रभित्र हरियो मिना र हरियो मिनाको बीचमा तीन पातयुक्त सुनबाट बनेको लालीगुराँस रहनेछ ।

यस मानपदवीको मध्यभागमा दुई गोलाकार ६ सेन्टिमिटरका गोलाकार वृत्तहरू हुनेछन् । वृत्तभित्र रातो मिनाको पृष्ठभूमि रहनेछ । यस वृत्तको माथिल्लो भागमा

≠ पहिलो संशोधनद्वारा संशोधित ।

≠"उज्ज्वल कीर्तिमय राष्ट्रदीप द्वितीय श्रेणी" र तल्लो भागमा यस मानपदवीको आदर्शवाक्य "राष्ट्रभक्ति अमूल्यशक्ति" लेखिएको हुनेछ । गोलाकार वृत्तभित्र निलो मिनाको पृष्ठभूमिमा पाँच कुने सुनबाट बनेको तारा रहनेछ । ताराको बीचमा नेपालको नक्सा र प्रज्वलन भइरहेको दियो रहनेछ ।

**(ख)** **प्रालम्बिका:** यो प्रालम्बिका ६.३ सेन्टिमिटर व्यास भएको चाँदीबाट बनेका आठ पत्रयुक्त घेरा हुनेछ । यस घेराभित्र प्रत्येक घेरामा एक–एकवटा हरियो मिनाहरूले भरिएको हुनेछ । यसको मध्यभागमा एउटा गोलाकार वृत्ताकार हुनेछ । वृत्ताकारभित्र निलो मिनाको पृष्ठभूमिमा पाँचवटा कोणयुक्त तारा र ताराभित्र नेपालको नक्सा र प्रज्वलित दीप रहनेछ । यो प्रालम्बिका ≠पट्टिकाको साथमा लगाइनेछ ।

• **(ग)** **पट्टा:** यो पट्टा सिम्रीक रङ्गको रेशमको हुनेछ । यसको चौडाई ५ सेन्टिमिटर र ≠लम्बाई ७० सेन्टिमिटर हुनेछ। ≠पट्टिका दुवै किनारामा समान नापका गाढा निलो उर्ध्व डोराहरु हुनेछन् । प्रालम्बिका झुण्डिने ठाउँमा सुनको हुक रहनेछ ।

**राष्ट्रदीप मानपदवी**

**तृतीय श्रेणी**

राष्ट्रदीप मानपदवीको प्रतीक समूहमा ≠(क) मण्डन र (ख) पट्टिका हुनेछन् ।

**(क)** **मण्डन:** यो मण्डनको अग्रभाग ८.४ सेन्टिमिटर व्यास भएको सुवर्णको चतुरकोणयुक्त तारा हुनेछ । यसको कर्णरेखा ८.४ सेन्टिमिटर हुनेछ । यी कोणहरुमा चाँदीका सातसातवटा किरणहरु हुनेछन् । बीचको किरण लामो भई दायाँबायाँका किरण क्रमशः साना हुनेछन् । यी कोणहरुको बीच भागमा चाँदीको कमलको चार वटा पत्रहरू रहनेछन् । कमलपत्रभित्र हरियो मिना र हरियो मिनाको बीचमा तीन पातयुक्त सुनबाट बनेको लालीगुराँस रहनेछन् ।

यस मानपदवीको मध्यभागमा दुई गोलाकार ६ सेन्टिमिटरका गोलाकार वृत्तहरू हुनेछन् । वृत्तभित्र रातो मिनाको पृष्ठभूमि रहनेछ । यस वृत्तको माथिल्लो भागमा ≠"सुकीर्तिमय राष्ट्रदीप तृतीय श्रेणी" र तल्लो भागमा यस मानपदवीको आदर्शवाक्य

---

σ पहिलो संशोधनद्वारा थप ।

≠ पहिलो संशोधनद्वारा संशोधित ।

"राष्ट्रभक्ति अमूल्यशक्ति" लेखिएको हुनेछ । गोलाकार वृत्तभित्र निलो मिनाको पृष्ठभूमिमा पाँच कुने सुनबाट बनेको तारा रहनेछ । ताराको बीचमा नेपालको नक्सा र प्रज्वलन भइरहेको दियो रहनेछ ।

**(ख)** **पट्टिकाः** यो पट्टिकाको कपडा र रङ्गको विवरण प्रथम श्रेणीको पट्टासरह हुनेछ । तर यसको चौडाई ३.८ सेन्टिमिटर र σलम्बाई ७० सेन्टिमिटर हुनेछ । यो पट्टिका मण्डन सहित घाँटीमा लगाइनेछ ।

**राष्ट्रदीप मानपदवी**

**चतुर्थ श्रेणी**

राष्ट्रदीप मानपदवीको प्रतीक समूहमा ≠(क) मण्डन र (ख) पट्टिका हुनेछन्।

**(क)** **मण्डनः** यो मण्डनको अग्रभाग ८.४ सेन्टिमिटर व्यास भएको चाँदीको चतुरकोणयुक्त तारा हुनेछ । यसको कर्णरेखा ८.४ सेन्टिमिटर हुनेछ । यी कोणहरुमा चाँदीका सात–सातवटा किरणहरु हुनेछन् । बीचको किरण लामो भई दायाँबायाँ किरण क्रमशः साना हुनेछन् । यी कोणहरुको बीच भागमा चाँदीको कमलको चारवटा पत्रहरू रहनेछन् । कमलपत्रभित्र तीन पातयुक्त सुनबाट बनेको लालीगुराँस रहनेछन् ।

यस मानपदवीको मध्यभागमा दुई गोलाकार ६ सेन्टिमिटरको गोलाकार वृत्तहरू हुनेछन् । वृत्तभित्र रातो मिनाको पृष्ठभूमि रहनेछ । यस वृत्तको माथिल्लो भागमा ≠"कीर्तिमय राष्ट्रदीप चतुर्थ श्रेणी" र तल्लो भागमा यस मानपदवीको आदर्शवाक्य "राष्ट्रभक्ति अमूल्यशक्ति" लेखिएको हुनेछ । गोलाकार वृत्तभित्र निलो मिनाको पृष्ठभूमिमा पाँच कुने चाँदीबाट बनेको तारा रहनेछ । ताराको बीचमा सुनबाट बनेको नेपालको नक्सा र प्रज्वलन भइरहेको दियो रहनेछ ।

**(ख)** **पट्टिकाः** यो पट्टिकाको कपडा र रङ्गको विवरण प्रथम श्रेणीको पट्टासरह हुनेछ । तर यसको चौडाई ३.८ सेन्टिमिटर σर लम्बाई ७० सेन्टिमिटर हुनेछ । यो पट्टिका मण्डनसहित घाँटीमा लगाइनेछ ।

---

≠ पहिलो संशोधनद्वारा संशोधित ।

σ पहिलो संशोधनद्वारा थप ।

**राष्ट्रदीप मानपदवी**

**पञ्चम श्रेणी**

राष्ट्रदीप मानपदवीको प्रतीक समूहमा ≠(क) मण्डन र (ख) पट्टिका हुनेछन्।

**(क)** **मण्डनः** यो मण्डनको अग्रभाग ८.४ सेन्टिमिटर व्यास भएको चाँदीको चतुरकोणयुक्त तारा हुनेछ । यसको कर्णरेखा ८.४ सेन्टिमिटर हुनेछ । यी कोणहरुमा चाँदीका सात–सातवटा किरणहरु हुनेछन् । बीचको किरण लामो भइ दायाँबायाँ किरण क्रमश साना हुनेछन् । यी कोणहरुको बीच भागमा चाँदीको कमलको ४ वटा पत्रहरू रहनेछन् । कमलपत्रभित्र तीन पातयुक्त चाँदीबाट बनेको लालीगुराँस रहनेछन्।

यस मानपदवीको मध्यभागमा दुई गोलाकार ६ सेन्टिमिटरका गोलाकार वृत्तहरू हुनेछन्। वृत्तभित्र रातो मिनाको पृष्ठभूमि रहनेछ । यस वृत्तको माथिल्लो भागमा "≠राष्ट्रदीप पञ्चम श्रेणी" र तल्लो भागमा यस मानपदवीको आदर्शवाक्य "राष्ट्रभक्ति अमूल्यशक्ति" लेखिएको हुनेछ । गोलाकार वृत्तभित्र निलो मिनाको पृष्ठभूमिमा पाँच कुने चाँदीबाट बनेको तारा रहनेछ । ताराको बीचमा सुनबाट बनेको नेपालको नक्सा र प्रज्वलन भइरहेको दियो रहनेछ ।

**(ख)** **पट्टिकाः** यो पट्टिकाको कपडा र रङ्गको विवरण प्रथम श्रेणीको पट्टासरह हुनेछ । तर यसको चौडाई ३.८ सेन्टिमिटर σर लम्बाई ७० सेन्टिमिटर हुनेछ । यो पट्टिका मण्डन सहित घाँटीमा लगाइनेछ ।

## अनुसूची–४

**जनसेवाश्री मानपदवी**

**प्रथम श्रेणी**

यस मानपदवीको प्रतीक समूहमा (क) मण्डन, (ख) प्रालम्बिका र (ग) पट्टा हुनेछन् ।

**(क)** **मण्डनः** यो मण्डनको अग्रभाग अष्टकोणयुक्त हुनेछ । यो सुनबाट बनेको हुनेछ । यसको व्यास ८.५ सेन्टिमिटर को हुनेछ । चारवटा कोणहरुमा सात–सातवटा किरणहरु हुनेछन् । चारवटा कोणहरुमा तीन–तीनवटा चारपाटे किरणहरु हुनेछन् । यी चारपाटे किरणहरुमध्ये बीचकोमा पाँचवटा र बाँकी दुइवटामा चार–चारवटा माणिकहरु जडित

---

≠ पहिलो संशोधनद्वारा संशोधित ।

σ पहिलो संशोधनद्वारा थप ।

हुनेछन् । किरणहरुको मध्यभागमा ४ सेन्टिमिटर व्यास भएको बाहिरी वृत्त र २.८ सेन्टिमिटर व्यास भएको भित्री वृत्तहरु हुनेछ । बाहिरी वृत्तभित्र रातो मिनामा वृत्तको माथिल्लो भागमा यस मानपदवीको आदर्श वाक्य "सेवा नै परम धर्म" र तल्लो भागमा यस मानपदवीको नाम ≠ "सुप्रसिद्ध प्रबल जनसेवाश्री प्रथम श्रेणी" लेखिएको हुनेछ । भित्री वृत्तको घेरामा बत्तीसवटा माणिकहरु हुनेछन् । मध्यभागमा नेपालको नक्सा र राष्ट्रिय झण्डा अंकित हुनेछ ।

**(ख)** **प्रालम्बिका:** प्रालम्बिकाको व्यास ६.६ सेन्टिमिटर हुनेछ । यो सुनबाट बनेको हुनेछ । यसको बाहिरी भागमा पाँच–पाँचवटा किरणयुक्त चार कोण आकार र बाँकी चार भागमा चाँदीको घेरामा पाँच–पाँचवटा जर्किन हीरा जडित हुनेछ । ४ सेन्टिमिटर व्यास भएको बाहिरी वृत्त र २.८ सेन्टिमिटर व्यास भएको भित्री वृत्तहरु हुनेछन् । भित्री वृत्तभित्र मध्यभागमा नेपालको नक्सा र राष्ट्रिय झण्डा अंकित हुनेछ । यो प्रालम्बिका पट्टाको साथमा लगाइनेछ ।

**(ग)** **पट्टा:** रेशमले बनेको यो पट्टा १० सेन्टिमिटर चौडा र १.६ मिटर लामो हुनेछ । बीचमा पहेलो, पहेलोको दायाँबायाँ रातो र रातोको दायाँबायाँ सेतो धर्काहरु र दुवै किनारामा निलो धर्काहरु हुनेछन् ।

**जनसेवाश्री मानपदवी**

**द्वितीय श्रेणी**

यस मानपदवीको प्रतीक समूहमा (क) मण्डन, (ख) प्रालम्बिका र (ग) पट्टिका हुनेछन् ।

**(क)** **मण्डन:** यो मण्डनको अग्रभाग अष्टकोणयुक्त हुनेछ । यसको व्यास ८.५ सेन्टिमिटर को हुनेछ। चारवटा कोणहरुमा सात–सातवटा स्वर्ण किरणहरु हुनेछन् । चारवटा कोणहरुमा तीन–तीनवटा चारपाटे चाँदीका किरणहरु हुनेछन्। यी चारपाटे किरणहरुमध्ये बीचकोमा पाँचवटा र बाँकी दुइवटामा चार–चारवटा जर्किन हीराहरु जडित हुनेछन् । किरणहरुको मध्यभागमा ४ सेन्टिमिटर व्यास भएको बाहिरी वृत्त र २.८ सेन्टिमिटर व्यास भएको भित्री वृत्त हुनेछन् । बाहिरी वृत्तभित्र रातो मिनामा वृत्तको माथिल्लो भागमा यस मानपदवीको आदर्श वाक्य "सेवा नै परम धर्म" र तल्लो भागमा यस मानपदवीको

नेपाल कानून आयोग

नाम ≠"प्रसिद्ध प्रबल जनसेवाश्री द्वितीय श्रेणी" लेखिएको हुनेछ । मध्यभागमा सुनको पृष्ठभूमिमा सुनको नेपालको नक्सा र राष्ट्रिय झण्डा अंकित हुनेछ।

(ख) **प्रालम्बिका:** प्रालम्बिकाको व्यास ६.६ सेन्टिमिटर हुनेछ । यसको बाहिरी भागमा चाँदीका पाँच–पाँचवटा किरणयुक्त चार कोण आकार र बाँकी चार भागमा चाँदीको घेरामा पाँच–पाँचवटा जर्किन हीरा जडित हुनेछ। ४ सेन्टिमिटर व्यास भएको बाहिरी वृत्त र २.८ सेन्टिमिटर व्यास भएको भित्री वृत्तहरु हुनेछन् । मध्यभागमा सुनको पृष्ठभूमिमा सुनबाट बनेको नेपालको नक्सा र राष्ट्रिय झण्डा अंकित हुनेछ । यो प्रालम्बिका पट्टाको साथमा लगाइनेछ।

(ग) ≠**पट्टिका:** रेशमले बनेको यो ≠पट्टिकाको चौडाई ५ सेन्टिमिटर σर लम्बाई ७० सेन्टिमिटर हुनेछ । बीचमा पहेलो, पहेलोको दायाँबायाँ रातो र रातोको दायाँबायाँ सेतो धर्काहरु र दुवै किनारामा निलो धर्काहरु हुनेछन् ।

**जनसेवाश्री मानपदवी**

**तृतीय श्रेणी**

यस मानपदवीको प्रतीक समूहमा (क) मण्डन र (ख) पट्टिका हुनेछन् ।

(क) **मण्डन:** यो मण्डनको अग्रभाग अष्टकोणयुक्त हुनेछ । यसको व्यास ७ सेन्टिमिटर को हुनेछ । चारवटा कोणहरुमा सात–सातवटा चाँदीका किरणहरु हुनेछन् । चार वटा कोणहरुमा तीन–तीनवटा चारपाटे स्वर्ण किरणहरु हुनेछन् । किरणहरुको मध्यभागमा ३.६ सेन्टिमिटर व्यास भएको बाहिरी वृत्त र २.४ सेन्टिमिटर व्यास भएको भित्री वृत्त हुनेछन् । बाहिरी वृत्तभित्र रातो मिनामा वृत्तको माथिल्लो भागमा यस मानपदवीको आदर्श वाक्य "सेवा नै परम धर्म" र तल्लो भागमा यस मानपदवीको नाम ≠"सुप्रबल जनसेवाश्री तृतीय श्रेणी" लेखिएको हुनेछ । मध्यभागमा सुनको पृष्ठभूमिमा सुनबाट बनेको नेपालको नक्सा र राष्ट्रिय झण्डा अंकित हुनेछ । यो मण्डन पट्टिकाको साथमा लगाइनेछ ।

---

≠ पहिलो संशोधनद्वारा संशोधित ।

σ पहिलो संशोधनद्वारा थप ।

**(ख)** **पट्टिकाः** रेशमले बनेको यो पट्टिकाको चौडाई ३.८ सेन्टिमिटर [σ]र लम्बाई ७० सेन्टिमिटर हुनेछ । बीचमा पहेलो, पहेलोको दायाँबायाँ रातो र रातोको दायाँबायाँ सेतो धर्काहरु र दुवै किनारामा निलो धर्काहरु हुनेछन् ।

**जनसेवाश्री मानपदवी**

**चतुर्थ श्रेणी**

यस मानपदवीको प्रतीक समूहमा मण्डन र पट्टिका हुनेछन् ।

**(क)** **मण्डनः** यो मण्डनको अग्रभाग अष्टकोणयुक्त हुनेछ । यसको व्यास ७ सेन्टिमिटर को हुनेछ । चारवटा कोणहरुमा सात–सातवटा चाँदीका किरणहरु हुनेछन् । चारवटा कोणहरुमा तीन–तीनवटा चारपाटे चाँदीका किरणहरु हुनेछन् । किरणहरुको मध्यभागमा ३.६ सेन्टिमिटर व्यास भएको बाहिरी वृत्त र २.४ सेन्टिमिटर व्यास भएको भित्री वृत्त हुनेछन् । बाहिरी वृत्तभित्र रातो मिनामा वृत्तको माथिल्लो भागमा यस मानपदवीको आदर्श वाक्य "सेवा नै परम धर्म" र तल्लो भागमा यस मानपदवीको नाम [≠]"प्रबल जनसेवाश्री चतुर्थ श्रेणी" लेखिएको हुनेछ । मध्यभागमा सुनको पृष्ठभूमिमा सुनबाट बनेको नेपालको नक्सा र राष्ट्रिय झण्डा अंकित हुनेछ । यो मण्डन पट्टिकाको साथमा लगाइनेछ ।

**(ख)** **पट्टिकाः** रेशमले बनेको यो पट्टिकाको चौडाई ३.८ सेन्टिमिटर [σ]र लम्बाई ७० सेन्टिमिटर हुनेछ । बीचमा पहेलो, पहेलोको दायाँबायाँ रातो र रातोको दायाँबायाँ सेतो धर्काहरु र दुवै किनारामा निलो धर्काहरु हुनेछन् ।

**जनसेवाश्री मानपदवी**

**पञ्चम श्रेणी**

यस मानपदवीको प्रतीक समूहमा मण्डन र पट्टिका हुनेछन् ।

**(क)** **मण्डनः** यो मण्डनको अग्रभाग अष्टकोणयुक्त हुनेछ । यसको व्यास ७ सेन्टिमिटर को हुनेछ । चारवटा कोणहरुमा सात–सातवटा चाँदीका किरणहरु हुनेछन् । चारवटा कोणहरुमा तीन–तीनवटा चारपाटे चाँदीका किरणहरु हुनेछन् । किरणहरुको मध्यभागमा ३.६ सेन्टिमिटर व्यास भएको बाहिरी वृत्त र २.४ सेन्टिमिटर व्यास भएको भित्री वृत्त

[≠] पहिलो संशोधनद्वारा संशोधित ।

[σ] पहिलो संशोधनद्वारा थप ।



नेपाल कानून आयोग

हुनेछन् । बाहिरी वृत्तभित्र रातो मिनामा वृत्तको माथिल्लो भागमा यस मानपदवीको आदर्श वाक्य "सेवा नै परम धर्म" र तल्लो भागमा यस मानपदवीको नाम ≠"जनसेवाश्री पञ्चम श्रेणी" लेखिएको हुनेछ । मध्यभागमा चाँदीको पृष्ठभूमिमा नेपालको नक्सा र राष्ट्रिय झण्डा अंकित हुनेछ । यो मण्डन पट्टिकाको साथमा लगाइनेछ ।

**(ख)** **पट्टिकाः** रेशमले बनेको यो पट्टिकाको चौडाई ३.८ सेन्टिमिटर ≠र लम्बाई ७० सेन्टिमिटर हुनेछ । बीचमा पहेलो, पहेलोको दायाँबायाँ रातो र रातोको दायाँबायाँ सेतो धर्काहरु र दुवै किनारामा निलो धर्काहरु हुनेछन् ।

≠ पहिलो संशोधनद्वारा संशोधित ।

## परिशिष्ट दुई

## अलङ्कार

सबै अलङ्कारहरूको प्रतीक समूहमा (१) मण्डल (२) पट्टिका हुनेछन् । पट्टिकासहित मण्डल बायाँ छातीमा लगाइनेछ । मण्डलको व्यास ३.८ सेन्टिमिटर पट्टिकाको लम्बाइ ३.८ सेन्टिमिटर र चौडाइ १.२ सेन्टिमिटर हुनेछ । मण्डल र पट्टिकाको संयुक्त लम्बाई ८.४ सेन्टिमिटर हुनेछ ।

## अनुसूची–१

**राष्ट्र यशोबद्र्धक अलङ्कार**

**(क)** **मण्डलः** यो मण्डल आठ कोणयुक्त चाँदीबाट बनेको हुनेछ । यसको अग्रभागमा नेपालको नक्सामाथि दुईवटा नेपालको राष्ट्रिय झण्डा क्रस भई फहराइरहेको हुनेछ । फहराएको झण्डाको माथितिर यो अलङ्कारको आदर्श वाक्य "योगक्षेम बहन" रहनेछ । नेपालको नक्साको मुनितिर अलङ्कारको नाम "राष्ट्र यशोवर्द्धक" रहनेछ । अष्टकोणको बीच भागमा अगाडि पछाडि दुवैतिरबाट देखिने उठेको भाग रहनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा सोही धातुको तलतिर फर्किएर बिंड जोडिएका दुई खुकुरीहरुको मध्यभागमा तीन पातयुक्त लालीगुराँस हुनेछ । यसको पछाडिको भागमा नेपाल र त्यसको मुनि २०६४ रहनेछ ।

**(ख)** **पट्टिकाः** यो पट्टिका रेशमको हुनेछ। यसको जम्मा चौडाई ३.८ सेन्टिमिटर हुनेछ । दायाँ बाँया पहेंलो र बीचमा निलो हुनेछ, हरेकको चौडाई ११ मिलिमिटर हुनेछ । निलोको दायाँ बायाँ २.५ मिलिमिटरको रातो धर्काहरु हुनेछन् ।

## अनुसूची–२

**परम पौरख भास्कर अलङ्कार**

**(क)** **मण्डलः** यो मण्डल चाँदीबाट बनेको हुनेछ । यसको अग्रभागको मध्यभागमा एक षट्कोण रहनेछ । सोह्र कोणयुक्त कमलको फूलको पत्रको बाहिरी घेरा हुनेछ । षट्कोणभित्र डमरु, त्रिशुल र नेपालको नक्सा रहनेछ । षट्कोणको बाहिरी भागमा एउटा

वृत्त हुनेछ। वृत्तको माथिल्लो भागमा यस अलङ्कारको आदर्श वाक्य “उत्साहशक्ति अनुपमशक्ति” र वृत्तको तल्लो भागमा अलङ्कारको नाम “परम पौरख भास्कर” रहनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा सोही धातुको तलतिर फर्किएर बिंड जोडिएका दुई खुकुरीहरुको मध्यभागमा तीन पातयुक्त लालीगुराँस हुनेछ । यसको पछाडिको भागमा नेपाल र त्यसको मुनि २०६४ रहनेछ ।

**(ख)** **<u>पट्टिका:</u>** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.८ सेन्टिमिटर हुनेछ । दायाँ रातो बायाँ पहेलो र बिचमा निलो १२.६६ मिलिमिटरको समान नापका धर्काहरु हुनेछन् ।

## <u>अनुसूची–३</u>

### <u>नेपाल प्रताप सुभूषण अलङ्कार</u>

**(क)** **<u>मण्डल:</u>** यो मण्डल चाँदीबाट बनेको हुनेछ । यसको अग्रभागको मध्यमा षट्कोण हुनेछ। यसमा बाह्रवटा कमलपत्रयुक्त गोलाई हुनेछ । षट्कोणको माथिल्लो भागमा दायाँ बायाँ चन्द्र र सूर्य हुनेछ । षट्कोणको मध्यभागमा नेपालको नक्सा रहनेछ । षट्कोणको मुनितिर दायाँ खुकुरी डण्डा क्रस र बायाँ खुंडा क्रस हुनेछ । यसको अग्रभागको माथिल्लो वृत्ताकार भागमा आदर्श वाक्य “विजयश्री उत्तम शोभा” हुनेछ र तल्लो वृत्ताकार भागमा अलङ्कारको नाम “नेपाल प्रताप सुभूषण” हुनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा सोही धातुको तलतिर फर्किएर बिंड जोडिएका दुई खुकुरीहरुको मध्यभागमा तीन पातयुक्त लालीगुराँस हुनेछ । यसको पछाडिको भागमा नेपाल र त्यसको मुनि २०६४ रहनेछ ।

**(ख)** **<u>पट्टिका:</u>** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.८ सेन्टिमिटर हुनेछ । दायाँ बायाँ निलो कलरको ८ मिलिमिटरका धर्काहरु हुनेछन् । बीचमा २ मिलिमिटरको पहेलो धर्का, यसको दायाँ बायाँ ८ मिलिमिटरको रातो धर्काहरु हुनेछन् । यी राता धर्काका दायाँ बायाँ अर्को २ मिलिमिटरका पहेलो धर्काहरु हुनेछन् ।

नेपाल कानून आयोग

## अनुसूची–४

**नेपाल सेवा प्रवीण अलङ्कार**

(क) **मण्डलः** यो मण्डल चाँदीबाट बनेको गोलाकार आकारको हुनेछ । यसको अग्रभागको मध्यमा मण्डलाको आकृति हुनेछ । मण्डलाको बाहिरी भागमा चारवटा कमलको फूलको कोपिलाको पत्र रहनेछ । माथिल्लो भागमा चन्द्र र सूर्य रहनेछ । तल्लो भागमा दुइवटा नेपालको झण्डा सिधा रहनेछन् । मण्डलाको बाहिरी भागमा एउटा वृत्ताकार हुनेछ । वृत्ताकारको माथिल्लो भागमा यो अलङ्कारको आदर्श वाक्य “सेवा धर्म परम गहन” र वृत्ताकारको तल्लो भागमा अलङ्कारको नाम “नेपाल सेवा प्रवीण” रहनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा सोही धातुको तलतिर फर्किएर बिंड जोडिएका दुई खुकुरीहरुको मध्यभागमा तिन पातयुक्त लालीगुराँस हुनेछ । यसको पछाडिको भागमा नेपाल र त्यसको मुनि २०६४ रहनेछ ।

(ख) **पट्टिकाः** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.८ सेन्टिमिटर हुनेछ । दायाँ बायाँ रातो र बिचमा सेतो १२.६६ मिलिमिटरको समान नापका धर्काहरु हुनेछन् ।

## अनुसूची–५

**अति पौरख भास्कर अलङ्कार**

(क) **मण्डलः** यो मण्डल चाँदीबाट बनेको हुनेछ । यसको अग्रभागको मध्यमा एक षट्कोण रहनेछ । छत्तीस पत्रयुक्त सूर्यमुखी फूल आकारको बाहिरी भागको घेरा हुनेछ । षट्कोणभित्र डमरु, त्रिशुल र नेपालको नक्सा रहनेछ । षट्कोणको बाहिरी भागमा दुइटा वृत्त हुनेछन् । दुई वृत्तको भित्र माथिल्लो भागमा यस अलङ्कारको आदर्श वाक्य “पुरुषार्थमा सफलता” र वृत्तको तल्लो भागमा अलङ्कारको नाम “अति पौरख भास्कर” रहनेछ।

मण्डल अवलम्बन हुने स्थानमा सोही धातुको तलतिर फर्किएर बिंड जोडिएका दुई खुकुरीहरुको मध्यभागमा तीन पातयुक्त लालीगुराँस हुनेछ । यसको पछाडिको भागमा नेपाल र त्यसको मुनि २०६४ रहनेछ ।

**(ख)** **<u>पट्टिकाः</u>** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.८ सेन्टिमिटर हुनेछ । दायाँ निलो, बायाँ रातो र बिचमा सेतो १२.६६ मिलिमिटरको समान नापका धर्काहरु हुनेछन् ।

## <u>अनुसूची–६</u>

### <u>नेपाल प्रताप आभूषण अलङ्कार</u>

**(क)** **<u>मण्डलः</u>** यो मण्डल चाँदीबाट बनेको हुनेछ । यो गोलाकार आकारको हुनेछ । यसको अग्रभागको मध्यमा षट्कोण हुनेछ । षट्कोणको माथिल्लो भागमा दायाँ बायाँ चन्द्र र सूर्य हुनेछ । षट्कोणको मध्यभागमा नेपालको नक्सा रहनेछ । षट्कोणको मुनितिर दायाँ खुकुरी डण्डा क्रस र बायाँ खुँडा क्रस हुनेछ । षट्कोण बाहिरी भागमा वृत्त रहनेछ । वृत्त बाहिर बाह्र कोणयुक्त (भित्र बाहिर) सूर्यको किरण हुनेछ । यसको अग्रभागको माथिल्लो वृत्ताकार भागमा आदर्श वाक्य "शाहसीको शिर उच्च" हुनेछ र तल्लो वृत्ताकार भागमा अलङ्कारको नाम "नेपाल प्रताप आभूषण" हुनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा सोही धातुको तलतिर फर्किएर बिंड जोडिएका दुई खुकुरीहरुको मध्यभागमा तीन पातयुक्त लालीगुराँस हुनेछ । यसको पछाडिको भागमा नेपाल र त्यसको मुनि २०६४ रहनेछ ।

**(ख)** **<u>पट्टिकाः</u>** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.८ सेन्टिमिटर हुनेछ । दायाँ बायाँ रातो र बिचमा पहेलो ११ मिलिमिटरका धर्काहरु हुनेछन् र पहलो धर्काका दायाँ बायाँ २.५ मिलिमिटरका निला धर्काहरु हुनेछन् ।

## <u>अनुसूची–७</u>

### <u>समाजसेवा रत्न अलङ्कार</u>

**(क)** **<u>मण्डलः</u>** यो मण्डल चाँदीबाट बनेको हुनेछ । यो गोलाकार आकारको हुनेछ । यसको अग्रभागको मध्यमा महिला र पुरुषको हात मिलाएको आकृति हुनेछ । यसको बाहिर एउटा वृत्त हुनेछ । वृत्ताकारको माथिल्लो भागमा आदर्श वाक्य "राष्ट्रको लागि जागौँ" हुनेछ र तल्लो वृत्ताकार भागमा अलङ्कारको नाम समाजसेवा रत्न" हुनेछ । वृत्तको बाहिरी भागमा सोह्रवटा फूलको पत्रको ठूला र साना आकारका गोलाकार वृत्तहरु रहनेछन् ।

मण्डल अवलम्बन हुने स्थानमा सोही धातुको तलतिर फर्किएर बिँड जोडिएका दुई खुकुरीहरुको मध्यभागमा तिन पातयुक्त लालीगुराँस हुनेछ । यसको पछाडिको भागमा नेपाल र त्यसको मुनि २०६४ रहनेछ ।

**(ख)** **<u>पट्टिकाः</u>** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.८ सेन्टिमिटर हुनेछ । दायाँ बायाँ निलो र बिचमा सेतो १२.६६ मिलिमिटरको समान नापका धर्काहरु हुनेछन् ।

## <u>अनुसूची–८</u>

**<u>महापौरख भास्कर अलङ्कार</u>**

**(क)** **<u>मण्डलः</u>** यो मण्डल चाँदीबाट बनेको हुनेछ । यसको अग्रभागको मध्यमा एक षट्कोण रहनेछ । यसको बाहिरी भागमा बाह्र कोणयुक्त सूर्यको किरण हुनेछ । षट्कोणभित्र डमरु, त्रिशुल र नेपालको नक्सा रहनेछ । षट्कोणको बाहिरी भागमा दुइटा वृत्त हुनेछन्। दुई वृत्तको भित्र माथिल्लो भागमा यस अलङ्कारको आदर्श वाक्य “चम्कन्छ पुरुषार्थ” र वृत्तको तल्लो भागमा अलङ्कारको नाम “महापौरख भाष्कर” रहनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा सोही धातुको तलतिर फर्किएर बिँड जोडिएका दुई खुकुरीहरुको मध्यभागमा तीन पातयुक्त लालीगुराँस हुनेछ । यसको पछाडिको भागमा नेपाल र त्यसको मुनि २०६४ रहनेछ ।

**(ख)** **<u>पट्टिकाः</u>** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.८ सेन्टिमिटर हुनेछ । दायाँ सेतो बायाँ हरियो र बिचमा रातो १२.६६ मिलिमिटरको समान नापका धर्काहरु हुनेछन् ।

## <u>अनुसूची–९</u>

**<u>नेपाल प्रताप भूषण अलङ्कार</u>**

**(क)** **<u>मण्डलः</u>** यो मण्डल चाँदीबाट बनेको हुनेछ । यो गोलाकार आकारको हुनेछ । यसको अग्रभागको मध्यमा षट्कोण हुनेछ। षट्कोणको माथिल्लो भागमा दायाँ बायाँ चन्द्र र सूर्य हुनेछ । षट्कोणको मध्यभागमा नेपालको नक्सा रहनेछ । षट्कोणको मुनितिर दायाँ खुकुरी डण्डा क्रस र बायाँ खुँडा क्रस हुनेछ । षट्कोणको बाहिरी भागमा वृत्त रहनेछ। वृत्त बाहिर सोह्रवटा त्रिकोणयुक्त छिद्र हुनेछ । यसको माथिल्लो वृत्ताकार भागमा आदर्श

वाक्य “परित्राणाय साधूनाम्” हुनेछ र तल्लो वृत्ताकार भागमा अलङ्कारको नाम “नेपाल प्रताप भूषण” हुनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा सोही धातुको तलतिर फर्किएर बिँड जोडिएका दुई खुकुरीहरुको मध्यभागमा तीन पातयुक्त लालीगुराँस हुनेछ । यसको पछाडिको भागमा नेपाल र त्यसको मुनि २०६४ रहनेछ ।

**(ख)** <u>**पट्टिकाः**</u> यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.८ सेन्टिमिटर हुनेछ । दायाँ बायाँ निलो र बीचमा पहेलो ११ मिलिमिटरका धर्काहरु हुनेछन् । र पहलोको दायाँ बायाँ २.५ मिलिमिटरका रातो धर्काहरु हुनेछन् ।

नेपाल कानून आयोग

## परिशिष्ट तीन

## पदकहरु

सबै पदकहरूको प्रतीक समूहमा (१) मण्डल र (२) पट्टिका हुनेछन् । पट्टिकासहित मण्डल बायाँ छातीमा लगाइनेछ । मण्डलको व्यास ३.८ सेन्टिमिटर, पट्टिकाको लम्बाइ ३.२ सेन्टिमिटर एवं चौडाइ १.२ सेन्टिमिटर हुनेछ । मण्डल र पट्टिकाको संयुक्त लम्बाइ ७.८ सेन्टिमिटर हुनेछ ।

## अनुसूची–१

**लोकश्री पदक**

(क) **मण्डलः** यो पदक तामाबाट बनेको हुनेछ । यसको अग्रभागको मध्यमा एक षट्कोण रहनेछ । षट्कोणको भित्री भागमा नेपालको नक्सा रहनेछ । षट्कोणको बाहिरी भागमा दुईवटा गोलाकार वृत्त हुनेछन् । वृत्तको माथिल्लो भागमा यो पदकको आदर्श वाक्य "स्वच्छ आचार उच्च विचार" रहनेछ । वृत्तको तल्लो भागमा यो पदकको नाम "लोकश्री पदक" रहनेछ । पदकको बाहिरी भागमा सोह्रवटा त्रिकोणयुक्त छिद्र रहनेछन् ।

मण्डल अवलम्बन हुने स्थानमा सोही धातुको कलशमाथि दुईवटा हातहरूले अड्याएको आकारको हुक रहनेछ । यसको पछाडिको भागमा नेपाल र त्यसको मुनि २०६४ रहनेछ ।

(ख) **पट्टिकाः** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटर हुनेछ । दायाँ बाँया रातो र बीचमा फिक्का निलो हुनेछ र चौडा १०.६६ मिलिमिटरको हुनेछन् ।

## अनुसूची–२

**राष्ट्रसेवा पदक**

**प्रथम श्रेणी**

(क) **मण्डलः** यो पदक चाँदीबाट बनेको हुनेछ । यसको अग्रभागमा षट्कोणको भित्री भागमा दुईवटा वृत्तहरु रहनेछन् । वृत्तको भित्री भागमा दुइवटा नेपालको झण्डाहरु रहनेछन् । झण्डाहरुको बीचमा सूर्यका सातवटा किरणहरु रहनेछन् । झण्डाहरुको मुनि महिला र पुरुषका दुईवटा हातहरु हुनेछन् । वृत्तको माथिल्लो भागमा यो पदकको आदर्श वाक्य

"राष्ट्रसेवा सर्वोपरी" रहनेछ । वृत्तको तल्लो भागमा यो पदकको नाम ≠"राष्ट्रसेवा पदक प्रथम श्रेणी" रहनेछ । षट्कोणको पृष्ठभूमि गोलाकार हुनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा सोही धातुको कलशमाथि दुईवटा हातहरूले अड्याएको आकारको हुक रहनेछ । यसको पछाडिको भागमा नेपाल र त्यसको मुनि २०६४ रहनेछ ।

(ख) **पट्टिकाः** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटर हुनेछ । दायाँ बाँया निलो, बिचमा रातो र निलो र रातोको बीचमा सेतो हुनेछ । हरेकको चौडा ६.४ मिलिमिटरको हुनेछ ।

**राष्ट्रसेवा पदक**

**द्वितीय श्रेणी**

(क) **मण्डलः** यो पदक तामाबाट बनेको हुनेछ । यसको अग्रभागमा एक षट्कोण रहनेछ । षट्कोणको भित्री भागमा एउटा वृत्त रहनेछ । वृत्तको भित्री भागमा दुईवटा नेपालका झण्डाहरु रहनेछन् । झण्डाहरुको बीचमा सूर्यका सातवटा किरणहरु रहनेछन् । झण्डाहरुको मुनि महिला र पुरुषका दुईवटा हातहरु हुनेछन् । वृत्तको माथिल्लो भागमा यो पदकको आदर्श वाक्य "राष्ट्रसेवा सर्वोपरी" रहनेछ । वृत्तको तल्लो भागमा यो पदकको नाम ≠"राष्ट्रसेवा पदक द्वितीय श्रेणी" रहनेछ । षट्कोणको पृष्ठभूमि गोलाकार हुनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा सोही धातुको कलशमाथि दुईवटा हातहरूले अड्याएको आकारको हुक रहनेछ । यसको पछाडिको भागमा नेपाल र त्यसको मुनि २०६४ रहनेछ ।

(ख) **पट्टिकाः** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटर हुनेछ । दायाँ बाँया निलो, बिचमा रातो र निलो र रातोको बीचमा सेतो हुनेछ । हरेकको चौडा ६.४ मिलिमिटरको हुनेछ ।

## अनुसूची–३

≠ पहिलो संशोधनद्वारा संशोधित ।

≠ पहिलो संशोधनद्वारा संशोधित ।

**<u>सत्कार्य पदक</u>**

**(क)** **<u>मण्डलः</u>** यो पदक तामाबाट बनेको हुनेछ । यो गोलो वृत्ताकारको हुनेछ । यसको अग्रभागको मध्यमा महिला र पुरुषले झुकेर नमस्कार गरेको आकृति रहनेछ । त्यसको बाहिर दुईवटा वृत्तहरु रहनेछन् । वृत्तको माथिल्लो भागमा यो पदकको आदर्श वाक्य "सर्वजनहिताय सुखाय" रहनेछ । वृत्तको तल्लो भागमा यो पदकको नाम "सत्कार्य पदक" रहनेछ । वृत्तको छेउमा एकसय आठवटा धर्काहरु रहने छन् ।

मण्डल अवलम्बन हुने स्थानमा सोही धातुको कलशमाथि दुईवटा हातहरूले अड्याएको आकारको हुक रहनेछ । यसको पछाडिको भागमा नेपाल र त्यसको मुनि २०६४ रहनेछ ।

**(ख)** **<u>पट्टिकाः</u>** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटर हुनेछ । समान नापको दायाँ बाँया हरियो र बिचमा सेतो हुनेछ ।

**<u>अनुसूची–४</u>**

**<u>समाजसेवा पदक</u>**

**(क)** **<u>मण्डलः</u>** यो पदक तामाबाट बनेको हुनेछ । यो गोलो वृत्ताकारको हुनेछ । यसको अग्रभागको मध्यमा नेपालको नक्सा हुनेछ । नक्साको माथि समाजसेवा झल्किने रक्तदानको लोगो हुनेछ । यसको बाहिर दुईवटा वृत्तहरु रहनेछन् । वृत्तको माथिल्लो भागमा यो पदकको आदर्श वाक्य "परोपकार परमपुण्य" रहनेछ । वृत्तको तल्लो भागमा यो पदकको नाम "समाजसेवा पदक" रहनेछ । वृत्तको बाहिरी भागमा बत्तीसवटा गोलाका बिन्दुहरु हुनेछन् ।

मण्डल अवलम्बन हुने स्थानमा सोही धातुको कलशमाथि दुईवटा हातहरूले अड्याएको आकारको हुक रहनेछ । यसको पछाडिको भागमा नेपाल र त्यसको मुनि २०६४ रहनेछ ।

**(ख)** **<u>पट्टिकाः</u>** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटर हुनेछ । ९.२६३ मिलिमिटर नापको दायाँ बाँया आकासे निलो, बिचमा सेतो र सेतोको दायाँ बायाँ २.१०५ मिलिमिटरनापको गुलाबी धर्काहरु हुनेछन् ।

नेपाल कानून आयोग

## अनुसूची–५

**शिक्षाज्योति पदक**

**(क)** **मण्डलः** यो पदक तामाबाट बनेको हुनेछ । यो षट्कोण आकारको हुनेछ । षट्कोणको मध्यमा अग्रभागमा हल्का उठेको वृत्त रहनेछ । वृत्तको मध्यभागमा कमलको फूल रहनेछ । कमलको फूलको माथि बलिरहेको दियो र मुनि किताब रहनेछ । वृत्तको माथिल्लो भागमा यो पदकको आदर्श वाक्य "विद्ययामृतमस्नुते" रहनेछ । वृत्तको तल्लो भागमा यो पदकको नाम "शिक्षाज्योति पदक" रहनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा सोही धातुको कलशमाथि दुईवटा हातहरूले अड्याएको आकारको हुक रहनेछ । यसको पछाडिको भागमा नेपाल र त्यसको मुनि २०६४ रहनेछ ।

**(ख)** **पट्टिकाः** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटर हुनेछ । दायाँ बाँया २.१०५ मिलिमिटर चौडा हरियो, बिचमा ९.२६३ मिलिमिटर चौडा आकासे र आकासे निलोको दायाँ बायाँ पनि ९.२६३ मिलिमिटर चौडाकै सेतो हुनेछ ।

## अनुसूची–६

**सगरमाथा पदक**

**(क)** **मण्डलः** यो पदक तामाबाट बनेको हुनेछ । यो पाँच कोणयुक्त आकारको हुनेछ । यसको अग्रभागको मध्यमा पनि केही उठेको पाँच कोणयुक्त आकार हुनेछ । मध्यभागमा सगरमाथाको चित्र रहनेछ । सगरमाथाको चुचुरोमाथि नेपालको झण्डा र झण्डाको दायाबायाँ चन्द्र र सूर्य रहनेछ । बाहिरी र भित्री पाँच कोणयुक्त आकारको बीचको माथिल्लो भागमा यो पदकको आदर्श वाक्य "साहसीको शीर झुक्दैन" रहनेछ भने तल्लो भागमा यो पदकको नाम "सगरमाथा पदक" रहनेछ।

मण्डल अवलम्बन हुने स्थानमा सोही धातुको कलशमाथि दुईवटा हातहरूले अड्याएको आकारको हुक रहनेछ । यसको पछाडिको भागमा नेपाल र त्यसको मुनि २०६४ रहनेछ ।

**(ख)** **पट्टिकाः** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटर हुनेछ । दायाँबाँया ७ मिलिमिटरको सेतो, बीचमा ४ मिलिमिटरको रातो र रातोको दायाँबायाँ ७ मिलिमिटरको निलो हुनेछ ।

## अनुसूची–७

**सुकीर्ति पदक**

**(क)** **मण्डलः** यो पदक तामाबाट बनेको हुनेछ । यो गोलो वृत्त आकारको हुनेछ । यसको अग्रभागको मध्यमा नेपाल सरकारको लोगो रहनेछ । लोगोको बाहिरी भागमा एउटा वृत्त रहनेछ । वृत्तको बाहिर माथिल्लो भागमा यो पदकको आदर्श वाक्य "कीर्तिर्यस्य सजिवती" रहनेछ भने तल्लो भागमा यो पदकको नाम "सुकीर्ति पदक" रहनेछ । वृत्तको बाहिरी भागमा आठवटा कोकिसको आकारको आकृति रहनेछन् ।

मण्डल अवलम्बन हुने स्थानमा सोही धातुको कलशमाथि दुईवटा हातहरूले अड्याएको आकारको हुक रहनेछ । यसको पछाडिको भागमा नेपाल र त्यसको मुनि २०६४ रहनेछ ।

**(ख)** **पट्टिकाः** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटर हुनेछ । दायाँ बाँया ७.५ मिलिमिटरको प्याजी, बिचमा २ मिलिमिटरको पहेलो रङ्ग र पहलो रङ्गको दायाँ वायाँ ७.५ मिलिमिटरको रातो रङ्ग हुनेछ ।

## अनुसूची–८

**वीरता पदक**

**(क)** **मण्डलः** यो पदक चाँदीबाट बनेको हुनेछ । यसको अग्रभागको मध्यमा क्रस खुकुरी रहनेछ । क्रस खुकुरीको माथिल्लो भागमा यो पदकको आदर्श वाक्य "राष्ट्रप्रति समर्पण" रहनेछ भने तल्लो भागमा यो पदकको नाम "वीरता पदक" रहनेछ । यसको बाहिर एउटा वृत्त रहनेछ । वृत्त बाहिर दुइवटा खुकुरीले सुनौलो दियोलाई ढाकेको बाह्रवटा आकृतिहरु रहनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा सोही धातुको कलशमाथि दुईवटा हातहरूले अड्याएको आकारको हुक रहनेछ । यसको पछाडिको भागमा नेपाल र त्यसको मुनि २०६४ रहनेछ ।

**(ख)** **पट्टिकाः** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटर हुनेछ । दायाँ, बाँया ५ मिलिमिटरको रातो रङ्ग, बिचमा १० मिलिमिटरको रातो रगको र सो रातोको दायाँ बायाँ ६ मिलिमिटरको सेतो रङ्गको हुनेछ ।

नेपाल कानून आयोग

## अनुसूची–९

**सौर्य पदक**

**(क)** **मण्डलः** यो पदक चाँदीबाट बनेको हुनेछ । यो बाह्र कोणयुक्त सूर्यको आकारको हुनेछ। यसको अग्रभागको मध्यमा नेपालको नक्सा रहनेछ । नक्साको माथिल्लो भागबाट उदाउँदो सूर्यले नेपालको नक्सामाथि किरण फ्याँकिरहेको आकृति रहनेछ । यसको बाहिर वृत्त रहनेछ । वृत्तको माथिल्लो भागमा यो पदकको आदर्श वाक्य “आत्मबलमा शाहस” रहनेछ भने तल्लो भागमा यो पदकको नाम “सौर्य पदक” रहनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा सोही धातुको कलशमाथि दुईवटा हातहरूले अड्याएको आकारको हुक रहनेछ । यसको पछाडिको भागमा नेपाल र त्यसको मुनि २०६४ रहनेछ ।

**(ख)** **पट्टिकाः** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटर हुनेछ । यो दायाँबाट क्रमशः रातो, निलो, पहेंलो, सेतो, प्याजी, हरियो, गुलाबी रङ्गको हुनेछ ।

## अनुसूची–१०

**प्राकृतिक प्रकोप पीडितोद्धार पदक**

**(क)** **मण्डलः** यो पदक तामाबाट बनेको हुनेछ । यसको अग्रभागको मध्यमा प्राकृतिक प्रकोप झल्कने (बाढी, पहिरो, रुख, हिमाल, पहाड) आकृति रहनेछ । वृत्तको माथिल्लो भागमा यो पदकको आदर्श वाक्य “आत्मवत् सर्वभूतेषु” रहनेछ भने तल्लो भागमा यो पदकको नाम “प्राकृतिक प्रकोप पीडितोद्धार पदक” रहनेछ । बाहिरको भागमा बाह्र कोणयुक्त कमलको फूलको पत्रहरु रहनेछन् ।

मण्डल अवलम्बन हुने स्थानमा सोही धातुको कलशमाथि दुईवटा हातहरूले अड्याएको आकारको हुक रहनेछ । यसको पछाडिको भागमा नेपाल र त्यसको मुनि २०६४ रहनेछ ।

**(ख)** **पट्टिकाः** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटर हुनेछ । यो दायाँ बायाँ पहेंलो, बीचमा सेतो र सेतोको दायाँ बायाँ रातो रङ्गको हुनेछ ।

नेपाल कानून आयोग

## अनुसूची–११

**विकासरत्न पदक**

(क) **मण्डलः** यो पदक तामाबाट बनेको गोलाकार आकृतिको हुनेछ । यसको अग्रभागको मध्यमा झोलुङ्गे पुल, बाटो निर्माण कार्य भैरहेको र वृक्षारोपण गरिरहेको आकृति रहनेछ। माथिल्लो भागमा यो पदकको आदर्श वाक्य "निस्वार्थ सेवा परायण" रहनेछ भने तल्लो भागमा यो पदकको नाम "विकासरत्न पदक" रहनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा सोही धातुको कलशमाथि दुईवटा हातहरूले अड्याएको आकारको हुक रहनेछ । यसको पछाडिको भागमा नेपाल र त्यसको मुनि २०६४ रहनेछ ।

(ख) **पट्टिकाः** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटर हुनेछ । यो दायाँ बायाँ हरियो, बीचमा सेतो, सेतोको दायाँ बायाँ गुलाबी र गुलाबी र हरियोको बीचमा निलो रङ्गको हुनेछ ।

## अनुसूची–१२

**शान्ति पदक**

(क) **मण्डलः** यो पदक तामाबाट बनेको हुनेछ । यो गोलो वृत्ताकारको हुनेछ । यसको अग्रभागको पृष्ठभूमिमा नेपालको नक्सा हुनेछ । नक्साको मध्यभागमा शान्तिको प्रतीकको रुपमा दुईवटा परेवाहरु दायाँतर्फ उडिरहेको आकृति हुनेछ । माथिल्लो भागमा यो पदकको आदर्श वाक्य "शिवसंकल्पमस्तु" रहनेछ भने तल्लो भागमा यो पदकको नाम "शान्ति पदक" रहनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा सोही धातुको कलशमाथि दुईवटा हातहरूले अड्याएको आकारको हुक रहनेछ । यसको पछाडिको भागमा नेपाल र त्यसको मुनि २०६४ रहनेछ ।

(ख) **पट्टिकाः** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटर हुनेछ । यो दायाँ बायाँ निलो र बीचमा सेतो रङ्गको हुनेछ ।

नेपाल कानून आयोग

## <u>अनुसूची–१३</u>

**<u>विज्ञान प्रवीण पदक</u>**

**(क)** **<u>मण्डलः</u>** यो पदक तामाबाट बनेको हुनेछ। यो गोलाकार आकारको हुनेछ। यसको अग्रभागको माथिल्लो भागमा दायाँतर्फ सूक्ष्मदर्शक यन्त्र, बायाँतर्फ डिस्क एन्टेना र तल्लो भागमा दायाँतर्फ विद्युत टावर बायाँतर्फ हवाइजहाजको आकृतिहरु हुनेछन् । यसको बाहिर एउटा वृत्त हुनेछ । वृत्तको माथिल्लो भागमा यो पदकको आदर्श वाक्य "विज्ञान प्रविधि आजको शक्ति" रहनेछ भने तल्लो भागमा यो पदकको नाम "विज्ञान प्रवीण पदक" रहनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा सोही धातुको कलशमाथि दुईवटा हातहरूले अड्याएको आकारको हुक रहनेछ। यसको पछाडिको भागमा नेपाल र त्यसको मुनि २०६४ रहनेछ।

**(ख)** **<u>पट्टिकाः</u>** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटर हुनेछ । यो दायाँ पहेँलो, बायाँ निलो, बीचमा सेतो र सेतो र निलोको बीचमा रातो रङ्गको हुनेछ ।

## <u>अनुसूची–१४</u>

**<u>संविधानसभा निर्वाचन पदक</u>**

**(क)** **<u>मण्डलः</u>** यो पदक तामाबाट बनेको हुनेछ । यो गोलाकार आकारको हुनेछ । यसको अग्रभागमा नेपालको नक्सा हुनेछ । नक्साको बीच भागमा मतपेटिकामा मतदान गर्दै गरेको आकृति हुनेछ । यसको बाहिर एउटा वृत्त रहनेछ । वृत्तको माथिल्लो भागमा यो पदकको आदर्श वाक्य "जनमत नै समुन्नतिको पूर्वाधार" रहनेछ भने तल्लो भागमा यो पदकको नाम "संविधानसभा निर्वाचन पदक" रहनेछ ।

मण्डल अवलम्बन हुने स्थानमा सोही धातुको कलशमाथि दुईवटा हातहरूले अड्याएको आकारको हुक रहनेछ । यसको पछाडिको भागमा नेपाल र त्यसको मुनि २०६४ रहनेछ ।

**(ख)** **<u>पट्टिकाः</u>** यो पट्टिका रेशमको हुनेछ । यसको जम्मा चौडाई ३.२ सेन्टिमिटर हुनेछ । यसको बीचमा रातो, रातोको दायाँ बाँया सेतो, सेतोको दायाँ बायाँ रातो र रातोको दायाँ बायाँ पहेँलो रङ्गको हुनेछ ।

## परिशिष्ट चार

### अनुसूची–१

**स्वल्पाकार:** विभूषणहरूका स्वल्पाकारहरूको विवरण सोही मानपदवीहरूका मण्डन सरह हुनेछन्।

**स्वल्पाकार पट्टिका:** विभूषणहरूको स्वल्पाकार पट्टिकाको कपडा र रङ्गको विवरण सोही विभूषणहरूको पट्टा र पट्टिका सरह हुनेछन् ।

स्वल्पाकारहरू पट्टिकासहित बायाँ छातीमा लगाइनेछ । तर वीरता र सौर्य पदक दायाँ छातिमा लगाइनेछ । स्वल्पाकारको पट्टिकाको चौडाई १.६ सेन्टिमिटर र मण्डन र पट्टिकाको संयुक्त लम्बाई ५.३ सेन्टिमिटर हुनेछ ।

### अनुसूची–२

**तारिका:** नेपालरत्न मानपदवी बाहेक अन्य मानपदवीहरूको तारिकाको विवरण सोही मानपदवीहरूको मण्डन सरह हुनेछ ।

### अनुसूची–३

**पट्टिका:** निर्धारित पोशाकमा लगाउने सबै अलङ्कारहरूको पट्टिकाहरूको नापको चौडाई ३.८ सेन्टिमिटर र सबै पदकहरूको नाप ३.२ सेन्टिमिटर हुनेछ ।

नेपाल कानून आयोग